याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(शिक्षा, युवा तथा खेलकुद शाखा)

थर्पु, पाँचथर
कोशी प्रदेश, नेपाल

सूचना नं.- ००२-२०८१/०८२

मिति:- २०८१/०४/२१
नेपाल संवत ११४४, गुंलाथ्व १, सोमबार

**विषय:- रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना।**

**श्री यो जोसँग सम्बन्धित छ।**

पाँचथर जिल्ला याङवरक गाउँपालिका अन्तर्गत रहेको श्री फक्ताङ्लुङ आधारभूत विद्यालय, याङवरक-५, लुम्बाङ्गोमा रिक्त रहेको प्राथमिक तह, तृतीय श्रेणीको शिक्षक पदमा सरुवाको प्रकृया अगाडी बढाइदिन भनी विद्यालयको च.नं. ०४, मिति-२०८१/०४/२१ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहको योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र शिक्षा नियमावलीको अनुसूची-१७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सरुवा सहमतिसहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

पुनश्च-

१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना- faktanglungbs@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन।

२०८१/४/२१

सूर्यप्रसाद गौतम
निमित्त प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ-

१. श्री शिक्षा विकास तथा समन्वय इकाइ, फिदिम, पाँचथर।

२. श्री फक्ताङलुङ आधारभूत विद्यालय, याङवरक-५, लुम्बाङ्गो, पाँचथर।

३. श्री सूचना प्रविधि शाखा, याङवरक गाउँपालिका, पाँचथर।
(सूचना आधिकारिक Facebook Page र Website मा Upload गर्नुहुन)